# रङ्गशाला (बहाल) नियमहरू, २०१८

नेपाल राजपत्रमा प्रकाशित मिति
२०१८।७।२८

संशोधन
रङ्गशाला (बहाल) (पहिलो संशोधन) नियमहरु, २०७० २०७०।१।३०

रङ्गशालाको बहालको समयोचित व्यवस्था गर्नु वाञ्छनीय भएकोले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "रङ्गशाला (बहाल) नियमहरू, २०१८" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरूमा,–

(क) "रङ्गशाला" भन्नाले काठमाडौं टुंडिखेलस्थित रङ्गशाला सम्झनु पर्छ र यो शब्दले सो रङ्गशाला भित्र रहेको घर मालसामानलाई समेत जनाउ"छ ।

(ख) "तोकिएको अधिकारी" भन्नाले नेपाल सरकारले यसै कामलाई तोकेको अधिकारी सम्झनु पर्छ ।

(ग) "इजाजतपत्र" भन्नाले यी नियमहरू बमोजिम दिईएको इजाजतपत्र सम्झनु पर्छ।

(घ) "प्रदर्शन" भन्नाले राष्ट्रिय, अन्तर्राष्ट्रिय वा विदेशी जुनसुकै प्रकारको साधारण वा प्रतियोगितात्मक खेलकूद, सैनिक रमिता, सर्कस, कसरत, संगीत, वैज्ञानिक वा सा"स्कृतिक प्रदर्शन सम्झनु पर्छ ।

३. **प्रदर्शनको निमित्त इजाजतपत्रः** (१) रङ्गशालामा कुनै प्रकारको प्रदर्शन गर्न गराउन चाहने व्यक्तिले आफ्नो स्पष्ट विवरणसाथ निम्नलिखित कुराहरू र प्रदर्शन गरिने अवधि र समय समेत खुलाइ तोकिएको अधिकारी समक्ष सो प्रदर्शन गर्नु गराउनु कमसेकम ७ दिन अगाडि रीत पूर्वकको दरखास्त पेश गर्नु पर्छः-

(क) राष्ट्रिय स्वास्थ्य समृद्धिको लागि वा सा"स्कृतिक उत्थानको लागि टिकट लगाई वा नलगाई प्रदर्शन गरिने, वा

(ख) अन्तर्राष्ट्रिय खेलकूद प्रतियोगी सदस्य स्वरुप नेपाली रङ्गशालालाई उपयोगी तुल्याउन प्रदर्शन गरिने, वा

(ग) सार्वजनिक संस्था वा सामाजिक कार्यको निमित्त कोषमा आम्दानी जम्मा गर्नलाई प्रदर्शन गरिने, वा



कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(घ) व्यवसाय वा मनोरञ्जनको निमित्त टिकट लगाई प्रदर्शन गरिने ।

(२) उपनियम (१) बमोजिम दरखास्त पर्न आएमा नियम ४ को अधीनमा तोकिएको अधिकारीले रङ्गशालामा प्रदर्शन गर्न पाउने काम कुरा र त्यसको अवधि र समयसमेत तोकी दरखास्तवालालाई अनुसूचीमा तोकिएको ढाँचाको इजाजतपत्र दिन सक्नेछ ।

४. <u>बहाल असुल गर्ने र कबुलियत गराउने:</u> (१) नियम ३ बमोजिम इजाजतपत्र प्राप्त व्यक्तिले रङ्गशालामा इजाजतपत्र बमोजिम प्रदर्शन गरे गराए वापत प्रतिदिन ने.रु. ५०।- का दरले निजबाट बहाल लिइने छ । सो बहालको रकमको पचास प्रतिशत इजाजतपत्र प्राप्त गर्नु अगावै र बा“की सबै प्रदर्शनको अवधि समाप्त भएको ७ दिन भित्र इजाजतपत्र प्राप्त व्यक्तिले तोकिएको अधिकारी छेउ बुझाउनु पर्छ । बुझाउनु पर्ने बाँकी बहालको रकम सो म्यादभित्र नबुझाए अर्को एक हप्ता पछिसम्म सयकडा दुईका दरले शुल्क लिई बुझिलिइने छ । सो पछि पनि नबुझाएमा तोकिएको अधिकारीको सूचना बमोजिम [*]<u>सम्बन्धित प्रमुख जिल्ला अधिकारीले</u> प्रचलित नेपाल कानून अनुसार सरकारी बा“की सरहको कारबाई गरी बा“की बहालको रकम र शुल्कसमेत असुल उपर गरी लिनेछ ।

तर-

(क) राष्ट्रिय स्वास्थ्य समृद्धि वा साँस्कृतिक उत्थानको उद्देश्यले टिकट नलगाई सार्वजनिक संस्था वा सामाजिक कार्यको निमित्त कोषमा आम्दानी जम्मा गर्नलाई गरिने प्रदर्शनको हकमा रङ्गशाला बहाल लाग्ने छैन ।

(ख) राष्ट्रिय स्वास्थ्य समृद्धि वा साँस्कृतिक उत्थानको उद्देश्यले टिकट लगाई गरिने प्रदर्शनको हकमा दैनिक ने.रु. २५।- का दरले रङ्गशाला बहाल लाग्नेछ ।

(२) यी नियमहरूमा लेखिएका शर्तहरूमा इजाजतपत्र बमोजिम प्रदर्शनको काम गर्न वा गराउनमा मेरो वा हाम्रो मञ्जूरी छ सो बमोजिम नगरेमा यी नियमहरू र प्रचलित नेपाल कानून बमोजिम जो बुझाउनु पर्ने बुझाउँला सहुँला भन्ने व्यहोराको अगावै कबुलियत नगराई कुनै व्यक्तिलाई इजाजतपत्र दिइने छैन ।

५. <u>बहाल घट्न सक्ने अवस्था:</u> (१) आम्दानी भन्दा खर्च बढ्ता परी तथा प्राकृतिक वा अप्राकृतिक स्थितिवश बहाल बुझाउन इजाजतपत्र प्राप्त व्यक्तिलाई मर्का परे जम्मा लाग्ने बहालको बढीमा २५ प्रतिशतसम्म रकम मिनाहा दिन प्रशस्त कारणहरू भै नेपाल सरकारको रक्षा मन्त्रालयले मनासिव ठहराएमा मिनाहा हुन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम मिनाहा भएको बहालको अभिलेख आम्दानी खर्चको विवरणसहित मिनाहाको कारणहरू महालेखा परीक्षकको विभाग, नेपाल सरकारको अर्थ आयकर विभाग र महालेखा नियन्त्रक कार्यालयमा ३५ दिन भित्र पठाउनु पर्छ ।

---

[*] पहिलो संशोधनद्वारा संशोधित ।

कानून तथा न्याय मन्त्रालय

६. **भाडाः** नियम ४ बमोजिम लाग्ने बहालमा थप रङ्गशालाको विकास कार्यक्रमबाट आवश्यक सुविधा र साधन त्यहाँ जुटाइएजतिको निम्न लिखित दरले भाडा लाग्नेछः-

(क) नियमित रूपले भाडाको दर तोकिएको सुविधा तथा साधनको सोही दरले र

(ख) दर नतोकिएको हकमा नेपाल सरकारले समयानुसार तोकिदिएको दरले ।

(ग) उक्त भाडा नियम ४ बमोजिम असुल उपर गरिनेछ ।

७. **इजाजतपत्रको निष्कृयताः** (१) साधारणतः स्वीकृति अवधिको भुक्तानीसाथै इजाजतपत्र निष्कृय हुनेछ ।

(२) यी नियमहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै इजाजतपत्रको अवधि र समय हेरफेर गर्न वा इजाजतपत्रलाई स्थगित गर्न वा निष्कृय गर्न नेपाल सरकारले समयोचित वा आवश्यक सम्झे विना स्पष्टिकरण समेत सो गर्न सक्नेछ ।

(३) यस्तो हेरफेर, स्थगित वा निष्कृय गरिएको सूचना नियमित रुपले प्रदर्शन हुने कम्तीमा २४ घण्टा अगाडि सम्बन्धित व्यक्तिलाई दिइनेछ ।

(४) प्राकृतिक वा असाधारण परिस्थितिवश वा नेपाल सरकारले समयोचित वा आवश्यक सम्झी निष्कृय वा स्थगित गरिएको इजाजतपत्रको स्थगित अवधिको निमित्त कुनै किसिमले बहाल लाग्ने छैन।

८. **रङ्गशालाको सुरक्षाः** (१) कुनै इजाजतपत्रवालालाई सो इजाजतपत्र बमोजिम रङ्गशालामा प्रदर्शन गर्न वा गराउन दिइएको ठाउँ वा त्यहाँ रहेका सरकारी मालसमान नोक्सान वा हिनामिना हुन नदिने कुराको जवाफदेही इजाजतपत्रवालाको हुनेछ ।

(२) निजले जानाजान आफैले त्यस्तो कुनै नोक्सान वा हिनामिना गरेमा वा अरुलाई गर्न दिएमा वा निजको लापरवाहीले सो हुन गएमा शाही नेपाली सेनाको इञ्जिनियर विभागको सिफारिस अनुसार निज इजाजतपत्रवालाबाट सो नोक्सानी वा हिनामिनाको क्षतिपूर्ति गराइनेछ ।

९. **तोकिएको अधिकारीलाई विश्वास हुनु पर्नेः** राष्ट्रिय स्वास्थ्य समृद्धि वा सा"स्कृतिक उत्थानको उद्धेश्यले गरिने भनेको प्रदर्शन वास्तवमा राष्ट्रिय स्वास्थ्य समृद्धि र सा"स्कृतिक उत्थानको निमित्त नै हो भन्ने विश्वास तोकिएको अधिकारीलाई नभई यी नियमहरू बमोजिम बहाल मिनाहा हुन सक्ने छैन ।

१०. **यी नियमहरू लागू हुनेः** यी नियमहरूमा लेखिएजति कुरामा सोही बमोजिम र अरूमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।।

कानून किताब व्यवस्था समिति मन्त्रालय

**अनुसूची**

**(नियम ३ सम्बन्धित)**

**<u>रङ्गशाला प्रयोग इजाजतपत्र</u>**

**(आर्मी क्रेष्ट)**

श्री ... ... ... ... ... ... ... ... ... ... ले रङ्गशालामा मिति .. ... ... ... ... ... देखि ... ... ... ... ... ... तक दिन ... ... टिकट लगाइ वा नलगाई रङ्गशाला बहाल नियम, २०१८ को दफा ... ... ... .. .... ... ... बमोजिम ... ... ... ... ... ... ... प्रदर्शन गर्न आवेदन गर्नु भएकोले मिति ... ... ... .. .... ... ... देखि ... ... ... ... तक दिन ... ... ... ... ... को बहाल वा भाडा उक्त नियम बमोजिम बुझी लिई, सो नियमको अधीनमा रही नियमित प्रदर्शन गर्न श्री ... ... ... ... ... ... ... ... लाई यो इजाजतपत्र प्रदान गरिएको छ।

मितिः-

दस्तखतः-

दर्जाः-

---

<u>द्रष्टव्यः</u> १. स्थानीय प्रशासन ऐन, २०२२ द्वारा रूपान्तर भएका शब्दहरूः

"मेजिष्ट्रेट" को सट्टा "अञ्चलाधीश" ।

२. सरकारी रकम असूल फछ्र्यौट (पहिलो संशोधन) ऐन, २०३३ द्वारा रूपान्तर भएका शब्दहरूः

"एकाउण्टेण्ट जनरलको कार्यालय" को सट्टा "महालेखा नियन्त्रकको कार्यालय" ।

३. केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रूपान्तर भएका शब्दहरूः-

"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

४. सैनिक ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरुः-

"शाही नेपाली सेना" को सट्टा "नेपाली सेना" ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय